# लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन
# २०७४

**परिचय ,उद्देश्य र कार्यक्षेत्र** :स्थानीय निकायमा जनताको लागि सोच्ने र जवाफदेही बहन गरी स्थानीय विकास गर्न स्थानिय स्रोत साधन संकलन गर्ने र परिचालन प्रजातान्त्रिक प्रक्रिया पारदर्शी व्यवहार,जनउत्तरदायी र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्न उन्मुख हुने तथा दिगो विकासका लागि आधारभुत सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजि क्षेत्रलाई सहभागी हुन प्रोत्साहन गर्ने जस्ता कार्यको लागि यस कार्यालयको स्थापना भएको हो ॥ सिन्धुली जिल्ला स्थित साविकका ७ वटा गाविस डुडभञ्ज्याङ, वितिजोर, भुवनेश्वरी , तीनकन्या, रतनचुरा, बाशेश्वर र भिमेश्वर मिलेर गोलन्जोर गाउँपालिका बनेको हो । स्थानिय निकायमा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जनतालाई अधिकतम लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु यस गाउँपालिकाको मुख्य उदेश्य हो । स्थानिय जनताका आधारभुत आवश्यकताको परिपूर्ति स्थानियस्तरमै गर्ने, विकेन्द्रिकरणको मुल मर्मलाई आत्मसात गरी व्यक्तिगत घटना दर्त्ता ,बसाइसराई प्रमाणीकरण, स्थानिय बाटोघाटो पुलपुलेसा, सिंचाई कुलो बाध विद्यालय भवन, स्वास्थ्य चौकी भवन अदिको निर्माण एवं मर्मत तथा गरिवी निवारणको लागि आयमुलक कार्यक्रम सञ्चान गर्नु यस कार्यालयको कार्यक्षत्र रहेको छ ।

**लेखापरीक्षणको क्रममा असुल** : साविक वाशेश्वर गा.वि.स.को पहिलो चौमासिकको सामजिक सुरक्षा भक्ता वितरण गर्दा बढी खर्च लेखेको रु. ८०००। ले.प.को क्रममा असुल भएकोछ ।

१. **वित्तीय जवाफदेहिता पालना** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमिता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सो सम्वन्धमा कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिति मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो :

- आफू बहाल रहेको कार्यालय अन्तर्गत सञ्चालित आयोजनाको काम तोकिएको समयमा आंशिक रुपमा सम्पन्न गरेको छ ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको पाइएन ।
- सार्वजनिक खरिद ऐन ,नियमावलीको आंशिक पालना गरेको छ ।
- सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्ग मैत्री र लैंगिक समतामूलक आंशिक रहेको छ ।
- सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गरेको छ ।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको अवधिभित्रै आंशिक कार्यक्रम सम्पन्न गरेको छ ।
- सञ्चालित कार्यक्रम तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी आंशिक रुपमा मात्र प्रतिवेदन तयार गर्ने गरेको छ ।